# आठपहरिया भाषाको लेखनशैली

## (Writing Guide of Athapariya Language)

म्राठपहरिया बोलीचालिको भाषालाई देवनागरीमा लेख्ने तरिका पनि समावेश गरिएको छ।

## अध्याय १
## आठपहरिया भाषामा व्यञ्जनवर्णहरू

आठपहरिया भाषामा २५ वटा व्यञ्जन वर्णहरू पाइएका छन्। सबै ती व्यञ्जन वर्णहरूलाई नेपालीमा झैं लेखिएका छन्।

**व्यञ्जन वर्णका उदहारणहरू**

यहाँ प्रत्येक व्यञ्जन वर्णहरू शब्दका पदादि, पदमध्य र पदान्तमा प्रयोग गरिएका व्यञ्जन वर्णका उदहारणहरू दिइएका छन्। तर आठपहरिया भाषाका सबै व्यञ्जन वर्णहरू शब्दका पदान्तमा वा पदादिमा पर्दैनन्/पाइदैनन्।

| क/क् | आठपहरिया | नेपाली |
|---|---|---|
| पदादि | केङ् | दाँत |
| | कोङ्मा | पन्छाउनु |
| पदमध्य | हेक्मा | रेट्नु |
| | काकानासिक् | सिउँडी |
| पदान्त | फाक् | सुँगुर |
| | फ्याक् | कपाल |

| ख/ख् | आठपहरिया | नेपाली |
|---|---|---|
| पदादि | खे | तरुल |
| | खेसिक् | घाउ/खटिरा |
| पदमध्य | जाक्खाम् | खतम्, बर्बाद |
| | चाखोक् | च्वाट्टै |

| ग/ग् | आठपहरिया | नेपाली |
| --- | --- | --- |
| पदादि | गेङ् | बाङ्गो |
| | गिडालुक् | गीलो |
| पदमध्य | साङ्ग्वा | भैंसी |
| | आङ्गुलिक् | औंला |

| घ/घ् | आठपहरिया | नेपाली |
| --- | --- | --- |
| पदादि | घोक् | सिङ्गैं |

| ङ/ङ् | आठपहरिया | नेपाली |
| --- | --- | --- |
| पदादि | ङेमा | गन्नु |
| | ङासा | माछा |
| पदमध्य | हाङ्मा | पर्खनु |
| | युङ्मा | राख्नु |
| पदान्त | याङ् | नौ (९) |
| | लाङ् | खुट्टा |

| च/च् | आठपहरिया | नेपाली |
| --- | --- | --- |
| पदादि | चामा | भात |
| | चेङ्मा | केलाउनु |
| पदमध्य | फाक्चिलेट् | सुँगुरको पाठा |
| | पिच्छा | बालक |

| ज/ज् | ग्राठपहरिया | नेपाली |
|---|---|---|
| पदादि | जोम् | धेरै |
| | जाङ्वाइ | ज्वाँइ |
| पदमध्य | वाजिलेट् | चल्ला |
| | फुजिलेट् | हाँडी |

| छ/छ् | ग्राठपहरिया | नेपाली |
|---|---|---|
| पदादि | छोक्मासिक् | नङ् |
| | छेप्मा | लेख्नु |
| पदमध्य | येम्बेछा | पुरुष |
| | मेच्छेमा | बालिका |

| झ/झ् | ग्राठपहरिया | नेपाली |
|---|---|---|
| पदादि | झाटा | जाँतो |
| | झाकारा | थाङ्ग्रा |

| ट/ट् | ग्राठपहरिया | नेपाली |
|---|---|---|
| पदादि | टाप्मा | ल्याउनु |
| | टाङ्मा | ढाल्नु |
| पदमध्य | छिटासिम् | साडी |
| | भोटुकेट् | खुर्पा |
| पदान्त | रिमेट् | छायाँ |
| | लेम्लिमेट् | वन मान्छे (स्त्री) |

| ठ/ठ् | अ्राठपहरिया | नेपाली |
| --- | --- | --- |
| पदादि | ठेना | ठूलो |
| | ठेम्मा | छर्नु |
| पदमध्य | माङ्ठाना | मार्ग |
| | ठेप्ठेप् | बराबर मिलाउनु |

| ड/ड् | अ्राठपहरिया | नेपाली |
| --- | --- | --- |
| पदादि | डाबे | खुकुरी |
| | डाबिला | पन्यु |
| पदमध्य | गिडालुक् | गिलो |
| | सेडाङ् | मार |

| ढ/ढ् | अ्राठपहरिया | नेपाली |
| --- | --- | --- |
| पदादि | ढेन्ढेबा | बडा बुबा |
| | ढेन्ढेमा | बडी अ्रामा |
| पदमध्य | वाढिन् | अ्रग्ण्डा |

| न/न् | अ्राठपहरिया | नेपाली |
| --- | --- | --- |
| पदादि | निङ् | नाम |
| | निङ्ग्वा | विचार |
| पदमध्य | काकानासिक् | सिँउडी |
| | हिट्नुङ् | अ्रनि |

| | | |
|---|---|---|
| पदान्त | चोगुन् | नगर |
| | ठेन्डुन् | नछर |

| प/प् | आठपहरिया | नेपाली |
|---|---|---|
| पदादि | पिट् | गाइ |
| | पोङ्मा | ब्याउनु |
| पदमध्य | छेप्मा | लेख्नु |
| | वाप्मा | लगाउनु |
| पदान्त | उसिप् | छोक्रा/खोष्टा |
| | ओखाप् | थाक राख्नु /चाङ्लाउनु |

| फ/फ् | आठपहरिया | नेपाली |
|---|---|---|
| पदादि | फेन्डिक् | बन्चरो |
| | फुङ् | फूल |
| पदमध्य | लेक्फा | जिब्रो |
| | ओप्फारा | उपियाँ |

| ब/ब् | आठपहरिया | नेपाली |
|---|---|---|
| पदादि | बेʔवा | हाँस |
| | बेङ्ना | चेप्टो |
| पदमध्य | युबा | सिंह |
| | किबा | बाघ |

| भ/भ् | आठपहरिया | नेपाली |
|---|---|---|
| पदादि | भ्या | विवाह |
| | भुसुक् | कसिंगार |
| पदमध्य | नाभाक् | अनुहार |
| | नुभेक् | कान |

| म/म् | आठपहरिया | नेपाली |
|---|---|---|
| पदादि | माके | मकै |
| | माक्ना | कालो |
| पदमध्य | साम्बोक् | कोदो |
| | जोम्ना | थुप्रै/धेरै |
| पदान्त | खाम् | माटो |
| | वानाम् | नाम्लो |

| य/य् | आठपहरिया | नेपाली |
|---|---|---|
| पदादि | येम्बेछा | छोरा मानिस |
| | युङ्मा | राख्नु |
| पदमध्य | लियुक् | हुन्छ |
| | कोन्युक् | पर्छ |

| र/र् | आठपहरिया | नेपाली |
|---|---|---|
| पदादि | रिमेट् | छाँया |
| | रोक्मा | घोच्नु |

| | | |
|---|---|---|
| पदमध्य | घुरुङ्बा | मेघ गर्जन |
| | फोरोक् | भ्यागुता |

| ल/ल् | आठपहरिया | नेपाली |
|---|---|---|
| पदादि | लोट्निङ् | लुगा |
| | लेङ्मा | पल्टाउनु |
| पदमध्य | इमालिङ् | रक्सि |
| | वाजिलेट् | चल्ला |

| व/व् | आठपहरिया | नेपाली |
|---|---|---|
| पदादि | वाढिन् | अण्डा |
| | वा | कुखुरा |
| पदमध्य | युङ्ग्वा | छ |
| | हाङ्ग्वा | पसिना |

| स/स् | आठपहरिया | नेपाली |
|---|---|---|
| पदादि | सेङ्मा | च्यात्नु |
| | सोक्मा | सास |
| पदमध्य | सोसोट्ना | सुरिलो |
| | छिटासिम् | साडी |

| ह/ह् | आठपहरिया | नेपाली |
| --- | --- | --- |
| पदादि | हिʔवा | हावा |
| | होक्मा | घोच्नु |
| पदमध्य | होहोबास् | स्याबास |
| | ओहोम्पा | चिहान |

**कण्ठ्य स्पर्श**

केही आठपहरिया भाषाका वर्णहरू, शब्दका वीच भागमा कण्ठ्य स्पर्श भएर वा घाँटीमा रोकिएर उच्चारण हुन्छन्। यो ध्वनि व्यञ्जनवर्ण पनि हुन्छ, यसरी उच्चारण हुने वर्णहरू भने नेपालीमा पाइदैनन् तर आठपहरियामा र नेपालको पहाडी भागमा बोलिने भाषाहरूमा भने यो वर्ण पाइन्छ। यो व्यञ्जनवर्णलाई यस्तो **(ʔ)** चिन्ह प्रयोग गरी लेखिएको छ।

उदहारणहरू:

| ʔ | आठपहरिया | नेपाली |
| --- | --- | --- |
| मध्य | काʔवा | काग |
| | बेʔवा | हाँस |
| | हिʔवा | हावा |

**व्यञ्जन वर्णहरूको संयोग**

आठपहरिया भाषामा शब्दहरू व्यञ्जन वर्णहरूबाट शुरू हुन्छन्, जस्तै **फाक्**। जब धेरै वञ्जन वर्णहरू अरू व्यञ्जन वर्णसँग एकै साथ जोडिएर आउँदछन्, जस्तै **च्वा, फ्याक्।** यिनीहरू व्यञ्जन वर्णका संयोजनहरू हुन्। केही ध्वनिहरू दोस्रो व्यञ्जन वर्णको संयोजनका रूपमा आउँछन् जस्तै - **व, य**। यी व्यञ्जन वर्णका संयोजनहरू शब्दका शुरूमा र शब्दका वीचमा मात्र आउँछन्। अझ थप व्यञ्जन वर्णहरूको संयोग चाहिएमा आवश्यक अनुसन्धानको खाँचो देखिन्छ।

तल व्यञ्जनवर्ण संयोजनका फरक किसिमका उदहारण दिइएका छन्। जसले आठपहरियामा केही पहिचान दिन्छन् र यस्ता हरेक फरक किसिमका अक्षरहरू दोस्रो अक्षर समूहमा पाइन्छन्। यो **व** अक्षर दुवै शब्दहरूको शुरूमा र वीचमा आउँछन्। यस्ता

व्यञ्जन वर्णको संयोजन भएका शब्दहरू थोरै संख्यामा मात्र पाइन्छन् **व** व्यञ्जन वर्णको अगाडि अरू व्यञ्जन वर्ण सधैं आधा अक्षरमा लेखिन्छ। (यो हलन्त विना लेखिन्छ)। तर कहिले काही शब्दहरूका पदमध्यमा **व** र **य** को अगाडि शब्दको उच्चारण अनुसार हलन्त प्रयोग गरी लेखिनुपर्छ। जस्तैः कोन्युक्

यहाँ केही उदाहरणहरू दिइएका छन् :

| व | आठपहरिया | नेपाली |
|---|---|---|
| पदादि | च्वा | पानी |
| | न्वा | चरा |
| | स्वा | अल्छि |
| पद मध्य | साङ्ग्वा | भैंसी |

यो **य** अक्षर शब्दहरूको शुरूमा र वीचमा अथवा दुबैमा आउँछ। यो व्यञ्जनवर्ण संयोजन दोस्रो अक्षरको रूपमा धेरै मात्राका शब्दहरू पाइन्छन् यो व्यञ्जन वर्ण **य** को अगाडि आउने अक्षहरूलाई लेखिन्छन्। यहाँ केही थोरै उदाहरणहरू दिइएका छन्:

| य | आठपहरिया | नेपाली |
|---|---|---|
| पदादि | क्या | तेल |
| | भ्या | विवाह |
| | स्या | ढोग |
| | फ्याक् | कपाल |

यी दिइएका उदहारणहरूमा, यदि बिस्तारै र होसियार साथ बोलिएको खण्डमा व्यञ्जनवर्ण संयोजन आउँदैनन्। जस्तैः **सया, भया**

## अक्षरको अन्तमा आउने व्यञ्जन वर्णहरू

माथि दिइएको तालिकामा हामीले हेर्दा केही थोरै व्यञ्जनवर्णहरू अक्षरको पदादिमा, पदमध्यमा अनि पदान्तमा पनि आउन सक्छन्। यस्ता व्यञ्जनवर्णहरू निम्नलिखित छन्।

| | | | | | | |
|---|---|---|---|---|---|---|
| प | ट | क | ʔ | म | न | ङ |

अक्षरको अन्तमा आउने वर्णलाई (शब्दको बीचमा र अन्तमा पनि) तल उदाहरणहरूमा देखाइएका छन्।

| | आठपहरिया | नेपाली |
|---|---|---|
| प | साप्मा | तान्नु |
| | आप्मा | आउनु |
| | हाप् | गुँड (चराको) |
| | उसिप् | छोक्रा/खोष्टा |
| ट | खाट्टु | लैजाऊ |
| | टोट्टेउना | त्यत्रो |
| | वाजिलेट् | चल्ला |
| | फाक्चिलेट् | सुँगुरको पाठा |
| क | कोक्मा | बिजाउनु |
| | फाक्मा | छाउनु |
| | फाक् | सुँगुर |
| | लाक्मा | उम्लिनु |
| ʔ | बेʔवा | हाँस |
| | हिʔवा | हावा |
| | काʔवा | काग |

| | आठपहरिया | नेपाली |
|---|---|---|
| म | खुमा | बोक्नु |
| | याम्बा | पर |

| | | |
|---|---|---|
| | खाम् | माटो |
| | नाम् | घाम |
| न | निनिङ् | लुगा (बाल शब्द) |
| | मानिङ्ना | हराउदिन |
| | वाढिन् | अण्डा |
| | लेन्सेन् | दिनरात |
| ङ | हाङ्मा | पर्खिनु |
| | ठुङ्मा | पिउनु |
| | लुङ् | ढुङ्गा |
| | फुङ् | फूल |

**व्यञ्जन वर्णहरूको संयुक्ताक्षर : सरल**

व्यञ्जन बर्णहरू शब्दहरूका पदादिमा, पदमध्य र पदन्तमा आउँदछन्, र यस्ता बर्णहरूले अर्को व्यञ्जन वर्णहरूलाई पछ्याउँदछन्, यस्तो व्यञ्जनवर्णलाई संयुक्ताक्षर वा आधा अक्षरमा लेख्न सकिन्छ, (उदाहरणको लागि, **साक्मा**) अथवा हलन्त प्रयोग गरेर पनि लेख्न सकिन्छ, **(साक्‌मा)**। यस्ता केही लिखित अक्षरहरूलाई स्तरीय नियमहरूमा विकास गर्नु महत्त्वपूर्ण हुन्छ। केही अक्षरहरू, जस्तै ङ, छ, ट, ठ, ड, ढ यी अक्षरहरूको संयुक्ताक्षर वा आधा रूप हुदैन। र यी अक्षरहरू शब्दहरूको पदान्तमा आउँदा वा अरू व्यञ्जन वर्णको अगाडि आउँदा पनि सधैं हलन्त दिएर लेखिन्छ।

यसैले हामी यी अक्षरहरू सिफारिस गर्दछौं।अन्तिममा आएका व्यञ्जनवर्णहरू यो माथिका कारणहरू बाहेक सबै अवस्थामा संयुक्ताक्षर वा आधा अक्षरका रूपमा लेखिनु पर्छ। यहाँ आधा अक्षरहरू वा संयुक्ताक्षरहरू प्रयोग गरी लेखिएका उदहारणहरू प्रस्तुत गरिएका छन्।

| आठपहरिया | नेपाली |
|---|---|
| साप्मा | तान्नु |
| राट्मा | कराउनु |
| होम्मा | चुहिनु |
| फोङ्मा | पड्काउनु |
| इम्मा | सुत्नु |

**व्यञ्जन संयोग (प्रत्यय)**

जब मुख्य शब्दसँग प्रत्यय जोडिएको अवस्थामा कोही मानिसहरू फरक प्रकारले व्यञ्जनवर्णलाई जोड्न चाहन्छन्। उदाहरणका लागि, “घर सँग” मुख्य शब्द आठपहरियामा **पाङ्** यो प्रत्यय -**लोक्** सँग जोडिन्छ। यसलाई यसरी लेख्न सकिन्छ- **पाङ्लोक्**। सामान्य व्यञ्जनवर्णको जोडाइ तल देखाइएको उदाहरण अनुसार लेखिन्छ। व्यञ्जनवर्ण पहिलाको अक्षरसँग संयुक्ताक्षरमा लेखिन्छ, यहाँ सरल व्यञ्जन वर्ण जोडि लेखिएका छन्।

यहाँ केही उदाहरणहरू देखाइएका छन्।

| यसरी लेख्नुहोस् | यसरी नलेख्नुहोस् | नेपाली |
|---|---|---|
| पाङ्लोक् | पाङ् लोक् | घरसँग |
| उन्लाम् | उन् लाम् | उ बाट |
| हिप्मा | हिप्मा | खुर्काउनु |
| साक्टु | साक्टु | गोड |
| चेक्ङा | चेक्ङा | बोल्छु |

## इ- स्वर वर्णसँग व्यञ्जन वर्णहरूको जोडाइ

जब यो तलको अक्षर ' ि' पहिला स्वरवर्ण वा ध्वनि भई आउँदा यसको अगाडि आउने व्यञ्जन वर्णको पहिलाको अक्षरमा हलन्त प्रयोग गरी लेख्नको लागि हामी सिफारिस गर्दछौं। यसर्थ यसले अध्ययन गर्नका लागि सहज बनाउँने छ। यहाँ यसका केही उदाहरणहरू देखाइएका छन्।

| यसरी लेख्नुहोस् | यसरी नलेख्नुहोस् | नेपाली |
|---|---|---|
| फाक्चिलेट् | फाक्चिलेट् | सुँगुर पाठा |
| वालाप्चिमेट् | वालाप्चिमेट् | पुतली |
| ढेप्चिʔवा | ढेप्चिवा | चिबे चरी |
| चिप्चिबो | चिप्चिबो | उत्तिस |
| मिक्चिʔवा | मिक्चिʔवा | कचेरा |

## नेपाली स्वरवर्णहरू

नेपाली भाषामा ह्रस्व उ अनि दीर्घ ऊ र ह्रस्व इ अनि दीर्घ ई हुन्छन्, तर अरू स्वरहरूमा "छोटो" अथवा "लामो" जोडीहरू हुँदैनन्। शब्दको प्रारम्भलाई ध्यान नदिई सबै स्वरवर्णहरू आठपहरिया लेखनमा मिलाएर क्रमबद्ध बनाई राखिएका छन्। हामीले छोटो स्वर वर्णहरू जस्तैः ह्रस्व उ अनि इ मात्र प्रयोग गरेका छौं।

उ ( ु)
इ ( ि )

## नेपाली व्यञ्जनहरू

केही सामान्य नेपाली ध्वनिहरू आठपहरिया उच्चारणहरूमा छैनन्, जस्तै तल दिइएका ध्वनिहरू:

ञ, ण, (त), थ, (द),ध, श, ष

## अध्याय २
## आठपहरिया भाषाका स्वर वर्णहरू

आठपहरिया भाषामा ५ वटा स्वरवर्णहरू छन्।

| | | | | | |
|---|---|---|---|---|---|
| स्वरवर्णहरू | आ | इ | उ | ए | ओ |

### स्वर वर्णहरू

यी स्वरवर्णहरू नेपालीमा उच्चारण गरे जस्तै उच्चारण गरिन्छन्। तल दिइएको तालिकामा ती सबै स्वरहरूलाई तीन अवस्थाहरूमा नै उत्पन्न भई आएको कुरा देखाइएका छन्: शब्दको पदादिमा, पदमध्यमा र पदान्तमा। तल सबै स्वरहरूका तिनै अवस्थमा प्रयोग गरी लेखिएका उदाहरणहरू प्रस्तुत गरिएका छन्। तल दाँयाँ पट्टि नेपालीमा ती शब्दहरूको अर्थ पनि दिइएको छः

| | आठपहरिया | नेपाली |
|---|---|---|
| आ | आक्मा | चिल्नु |
| | आङ्मा | उखाल्नु |
| | बाबारा | सेल रोटी |
| | पाप्मा | झम्टिनु |
| | आप्मा | आउनु |
| इ | इम्मा | सुत्नु |
| | इप्पोक् | दुई |
| | वासिक् | सुलसुले |
| | मेसिक् | कालो दाल |
| | टुम्सामि | जेठा |
| | याप्मि | मानिस |
| उ | उमुक् | उसको हात |
| | उङ्मा | माथिबाट आउनु |
| | सारकुबाङ् | धनुष |

| | | |
|---|---|---|
| | टुक्मा | बिरामी हुनु |
| | नाक्टु | माग |
| | टेम्डु | छाम |
| ए | एमा | दिसा गर्नु |
| | टेमा | मात्नु |
| | टेहेक् | टाउको |
| | चोक्केलेङ् | सुल्टो |
| | टुबे | भेटियो |
| | कोबे | उठ्यो |
| ओ | ओप्पु | सर्प |
| | ओङ्मा | उघार्नु |
| | खेबोरेक् | तरुलको फल |
| | आङ्गोरा | आमला |
| | आँइबो | आँप |
| | सिबोट्टो | फटेंग्रा |

## संयुक्त स्वरवर्ण (द्वयस्वरहरू)

आठपहरिया भाषाको शब्दहरूमा दुई वटा स्वरध्वनिहरू एकै साथ उत्पन्न भएका छन्। यहाँ दिइए अनुसार केही त्यस्ता संयुक्त स्वरहरू पाइन्छन्: उ+आ, उ+इ, उ+ए, इ+आ, ओ+ओ र ए+इ. औपचारिक रूपमा अथवा जब दुईवटा स्वरवर्ण चाँडो एकैसाथ उच्चारण गर्दा अन्तमा यस स्वरको ध्वनि **य** वा **व** जस्तो हुन्छ। यदि एउटा स्वरवर्ण उपसर्ग अथवा प्रत्यय भएमा प्रत्येक स्वरवर्ण उच्चारणलाई बडो होसियारीसाथ लेखिनुपर्छ भन्ने कुरा हामी सिफारिस गर्दछौं (जसमध्ये, **य** अथवा **व** बिना).

यहाँ केही संयुक्त स्वरहरूको उदाहरण दिइएका छन्, जसमा बायाँ पट्टिको हिज्जेसँग उल्लेख गरिएको अनुसार लेख्न सिफारिस गर्दछौं। (सगोल उच्चारणका हिज्जेसँग दायाँ पट्टि उल्लेख गरिएको छ, तर यस तरिकाले शब्दहरू नलेख्नुहोस्)।

| | यसरी लेख्नुहोस् | यसरी नलेख्नुहोस् |
|---|---|---|
| उ+इ | उइछा | विछा |
| | उइछाचि | उविछाची |
| उ+ए | चोगुए | चोग्वे |
| | फोडुए | फोड्वे |
| इ+ए | चोगिए | चोगिये |
| | खाडिए | खाडिये |
| आ+इ | खाइ | खायि |

यदि आवश्यक भए भाषाको धेरै विकास र अस्तित्वको लागि स्वरहरूमा अन्य तालमेलका लागि थप आवश्यक सर सल्लाह र अनुसन्धान गरिरहनु पर्ने देखिन्छ।

## अध्याय ३
## आठपहरिया वर्णमाला

आठपहरिया भाषामा उच्चारण, स्वर वर्ण र व्यञ्जन वर्णको होसियारीसाथ अध्ययन र जाँच पश्चात् हामीले आठपहरिया भाषाको वर्णमालाका अक्षरहरू निम्न तरिकाले सिफारिस गरेका छौं। (यहाँ नेपालीबाट सापटी लिइएका ध्वनिहरू संलग्न गरेका छैनौं)। यी अक्षरहरूलाई निम्नतरिकाले वर्णनुक्रममा राखिएका छन्। यी अक्षरहरूलाई शब्दकोष अनुसार क्रममा राखिएका छन्।

| | | | | | |
|---|---|---|---|---|---|
| आ | इ | उ | ए | ओ | |
| | | | | | |
| ʔ | क | ख | ग | घ | ङ् |
| | च | छ | ज | झ | (त) |
| (द) | ट | ठ | ड | ढ | न |
| | प | फ | ब | भ | म |
| य | र | ल | व | स | ह |

### नकारात्मक स्वर मिश्रित

नकारात्मक उपसर्ग मि- शुरूको ध्वनिमा मुख्य शब्दसँग जोडिँदा ध्वनिमा परिवर्तन हुँदैन। शुरूको ध्वनि- प, फ अथवा म, छ भने मि-हुन्छ। यदि शुरूको ध्वनि- ट, ठ, अथवा न, छ भने पनि यो मि-हुन्छ। यदि शुरूको ध्वनि- क, ख, अथवा ङ् छ भने मि-हुन्छ। अन्तमा, यदि शुरूको ध्वनि- ल छ भने यो मि- हुन्छ। नोटः नकारात्मक उपसर्गमा जहिले पनि मि-प्रयोग गरिन्छ, अनि मूल वाक्यमा पनि परिवर्तन ल्याउँदैन तसर्थ यी धातु वा मूल शब्दसंग आएका नकारात्मक उपसर्ग शब्दहरूका केही उदाहरणहरू यस प्रकार छन्:

| आठपहरिया | | | | नेपाली |
|---|---|---|---|---|
| मि | + | पाप्मा | मिपाप्मा | नझम्टिनु |
| मि | + | टाप्मा | मिटाप्मा | नल्याउनु |
| मि | + | खाप्मा | मिखाप्मा | नजानु |

## अध्याय ४
## आठपहरिया भाषामा विराम चिन्हरूको प्रयोग

सामान्य नेपालीमा प्रयोग गरिएका चिन्हरू नै आठपहरियामा पनि प्रयोग गरिएका छन् तर पूर्ण विराम (।) लाई भने दुईवटा धर्सो (॥) प्रयोग गर्ने निर्णय गरिएको छ। अर्ध विराम (;), अल्प विराम (,), विस्मयादिबोधक (!), प्रश्न चिन्ह (?), उद्धरण चिन्ह (“.....”), विसर्ग (:) यस्ता विराम चिन्हहरू प्रयोग गर्नु अगाडि खाली ठाउँ राखिँदैन। यहाँ आठपहरिया भाषामा विराम चिन्हरूको प्रयोग गरिएका केही उदाहरणहरू यस प्रकार देखाइएका छन्:

| | |
|---|---|
| , | आङा चामा, चेचे, मेसिक्डाना दाल लोक् सागाडाना ओमाक् चाङे।। <br><br> *मैले मासु, कालो दाल र हरियो सागको तरकारीसँग भात खाएँ।* |
| ; | आङा चामा चाङे; मानुभक्ताङा मेसिक् दाल लोक् सागा चोए॥ <br><br> *मैले भात खाएँ; मानुभक्ताले कालो दाल र साग खानुभयो।* |
| : | योगा चिजाबिजाचि चायानुम्: फेकुलि, मेसिक् दाल लोक् फाक्सा॥ <br><br> *निम्न कुराहरू खानुहोस्: गहत, कालो दाल र सुँगुरको मासु।* |
| ॥ | आङा चामा चाङे॥ <br><br> *मैले भात खाएँ।* |
| ? | पाक् खान्ना चामा आचोएनि ? <br><br> *के तिमीले भात खायौ ?* |
| ! | उन्ना सोप्पे चामा चोए! <br><br> *उसले सबै भात खायो !* |

यहाँ दुईवटा समूह गरी आठपहरियामा प्रत्यक्ष कथन र अप्रत्यक्ष कथन अनि दोस्रो प्रकारको भनाईहरूलाई विराम चिन्हरूको प्रयोग सहित प्रस्तुत गरिएको छ। कमा (,) र खाली ठाउँ ( ) भनाई भन्दा पहिला अथवा अगाडि प्रयोग गरिन्छ, त्यसपछि उद्धरण चिन्हरूको प्रयोग गरिन्छ र भनाइलाई समेटिन्छ। अप्रत्यक्ष कथन वा भनाइहरूमा त्यस प्रकारको कुनै पनि उद्धरण चिन्हको प्रयोग गरिदैन। उदाहरणहरू यस प्रकार छन्:

| | |
|---|---|
| प्रत्यक्ष कथन | उन्ना लोडुए, “पाक् खान्ना चामा आचोएनि?”<br><br>*उसले भन्यो, “के तिमीले भात खायौ ?”* |
| दोस्रो प्रकारको भनाइ | उन्ना लोडुए, “पाक् खान्ना कामाङाना आोसोर आखेम्सुएनि? उन्ना लोडुए, ‘खान्ना काचामा चो!’”<br><br>*उसले भन्यो, “के तिमीले तिम्रो आमाको आवाज सुन्यौ ? तिनले भनिन्, ‘तिम्रो भात खाऊँ!’”* |
| अप्रत्यक्ष कथन | उन्ना पाङ्डि खाट्ना रिङ् माट्टुए ॥<br><br>*उसले आफु घर जाने कुरा बतायो।* |

# अध्याय ५
# आठपहरिया भाषामा परिवर्तित शब्दहरू

यो अध्यायको मुख्य उद्देश्य भनेको आठपहरिया भाषामा कुन शब्द वा व्याकरणिक विशेषतालाई एक शब्दमा लेख्ने कि छुट्टाछुट्टै शब्दमा लेख्ने भन्ने बारेमा सुझाव दिनु हो। यी एकवचन सम्बन्धकारक शब्दहरूलाई व्याकरणमा लेख्दा एकसाथ लेखिन्छ र बहुवचन सम्बन्धकारक शब्दहरूलाई भने दुई शब्दहरूमा अलग अलग प्रकारले लेखिन्छ।

## १ सम्बन्धकारक

आठपहरिया भाषामा स्पष्टरूपले एकवचन स्वामित्व वाचकसँग उपसर्ग प्रयोग हुन्छ। (उपसर्गको मात्र आफ्नो कुनै अर्थ हुदैन तर नामसँग जोडिए पछि मात्र यसले अर्थ दिन्छ)। यी शब्दहरूको उदाहरण यहाँ देखाइएको छ, पाङ् (घर)।

| आठपहरिया | | | | नेपाली |
|---|---|---|---|---|
| आ | + | पाङ् | आपाङ् | मेरो घर |
| का | + | पाङ् | कापाङ् | तिम्रो घर |
| उ | + | पाङ् | उपाङ् | उसको घर |

वहुवचन स्वामित्व वाचकले सर्वनामहरूसँग सम्बन्ध राख्दछ। त्यसकारण, वहुवचनमा स्वामित्वका शब्दहरू पूर्ण अलग र स्वतन्त्र रूपले लेखिन्छन्। जस्तैः तल केही उदाहरणहरू:-

| आठपहरिया | | | | नेपाली |
|---|---|---|---|---|
| उन्चिगा | + | पाङ् | उन्चिगा पाङ् | उनीहरूको घर |
| आनि | + | पाङ् | आनि पाङ् | हाम्रो घर |
| आन्चि | + | पाङ् | आन्चि पाङ् | हाम्रो (२) घर |

## २ संज्ञा (नामहरू)

### २ (क) एकवचन र वहुवचन नामहरू:

आठपहरिया भाषामा एकवचन नामहरूलाई वहुवचनमा बनाउदा सो नामको पछाडि प्रत्यय जोडि शब्दहरू बनाइन्छ। जस्तैः -चि वहुवचनलाई यो नामसँगै लेखिन्छ। जस्तै उदाहरणहरू:

| एकवचन | | वहुवचन | |
|---|---|---|---|
| कोछुबा | कुकुर | कोछुबाचि | कुकुरहरू |
| पाङ् | घर | पाङ्चि | घरहरू |
| याप्मि | मान्छे | याप्मिचि | मान्छेहरू |

२ (ख) संयुक्त नामहरू

संयुक्त नामहरू (दुई वटा संज्ञाहरू, यिनीहरूको आफ्नै भिन्नै किसिमको पृथक् अर्थ हुन्छ। तर संयुक्त रूपले जोडिएर एउटै अर्थ दिन्छ) आठपहरियामा थोरै मात्रमा संयुक्त नामहरू पाइन्छन्। यस्ता संज्ञाहरू एकैसाथ एउटै शब्दमा जोडेर लेख्न हामीले सिफारिस गरेका छौं। यहाँ केही उदाहरणहरू छन्:

| संयुक्त संज्ञा | | साधारण संज्ञाहरू | |
|---|---|---|---|
| हाङ्पाङ् | दरबार | हाङ्<br>पाङ् | राजा<br>घर |
| माङ्हाङ् | देवता | माङ्<br>हाङ् | ईश्वर<br>राजा |
| ठेनापाङ् | मूलघर | ठेना<br>पाङ् | सामुहिक भवन |

२ (ग) परम्परागत संयुक्त नामहरू

परम्परागत वा वैदिक संयुक्त संज्ञाहरू संयुक्त पनि आठपहरिया भाषामा पाइन्छन्। यस्ता परम्परागत संयुक्त संज्ञामा दुबै शब्दहरूले दुई फरक अर्थ दिंदछन्। सामान्यतः यी संज्ञाहरू एक साथ हुन्छन्, र यी एक्लै हुदैनन्, यी परम्परागत संयुक्त नामहरू प्राय कविता र परम्परागत (धार्मिक) भाषाहरूमा पाइन्छन्। हामी सिफारिस गर्दछौं कि यी संयुक्त संज्ञाहरू पढनको लागि सहज बनाउन तिनीहरू दुई सँगसँगै लेखिऊन्। केही उदाहरण यस प्रकार छन्:

| संयुक्त नामहरू | | साधारण नामहरू | |
|---|---|---|---|
| पाङ्डाङ्बा | पितृ पूजा | पाङ्<br>डाङ्बा | घर<br>मालिक |
| पासिङ्फेरा | बत्ती हेर्ने | पासिङ्<br>फेरा | बूढापाकाको पालो |
| मुक्लाङ्डाङ्बा | पूजाहारी | मुक्लाङ्<br>डाङ्बा | मुख्य पूजाहारी |

**३ सरल र संयुक्त प्रत्यय वा विभक्तिहरू**

आठपहरिया नामहरूमा धेरै प्रकारका प्रत्ययहरू हुन सक्छन्, जसलाई प्रत्यय जोडिएको भनिन्छ। कारणवश यी प्रत्ययहरू नामसँग गाँसिन्छन्। सरल प्रत्ययहरूमा एउटा मात्र प्रत्यय हुन्छ जुन नामसँग जोडिन्छ। संयुक्त प्रकारका प्रत्ययहरू क्रमबद्ध हुन्छन् अथवा दुई वा सो भन्दा बढी प्रत्ययहरू नामसँगै जोडिएर लेखिन्छन्। तल विभिन्न किसिमका नाम प्रत्ययहरूका उदाहरणहरू देखाइएका छन् र तिनीहरू नामसँग जोडिएर लेखिएका छन्।

| आठपहरिया | | | | नेपाली |
|---|---|---|---|---|
| पाङ् | + | ङि | पाङ्ङि | घरमा |
| पाङ् | + | उङ्+ङाना | पाङ्उङ्ङाना | घरदेखि |
| पाङ् | + | लाम् | पाङ्लाम्मा | घरबाट |
| पाङ् | + | लोक् | पाङ्लोक् | घरसँग |
| पाङ् | + | लिसा + उङ् | पाङ्लिसाउङ् | घर भएर |
| पाङ् | + | नुङ्ना | पाङ्नुङ्ना | घर भन्दा |
| पाङ् | + | लाउङ्सा | पाङ्लाउङ्सा | घरलाई |
| पाङ् | + | ङाना | पाङ्ङाना | घरको |

| | | | | |
|---|---|---|---|---|
| पाङ् | + | ङा | पाङ्ङा | घरले |
| पाङ् | + | उम्बाक् | पाङ्उम्बाक् | घर चाहिँ |

यहाँ अाठपहरिया भाषामा केही त्यस्ता शब्दहरू छन् ति शब्दहरू कुनै बेला प्रत्यय जस्तै हुन्छन्, त्यसले संज्ञाहरूको कार्यलाई परिवर्तन गर्दछ र यी शब्दहरूलाई छुट्टै लेखिन्छन्। यी शब्दहरू प्राय विना संज्ञा एक्लै भएका अथवा लेखिएका हुन्छन्। यहाँ तल तालिकामा तिनीहरूको उदाहरण प्रस्तुत गरिएको छ।

| अाठपहरिया | | | | नेपाली |
|---|---|---|---|---|
| पाङ् | + | सम्म | पाङ् सम्म | घरसम्म |
| पाङ् | + | अोहोङ्ङि | पाङ् अोहोङ्ङि | घर भित्र |
| पाङ् | + | भारा | पाङ् भारा | घर बाहिर |

**४ शाब्दिक वा मौखिक रूप**

अाठपहरिया भाषामा क्रियाले व्यक्ति र संख्याको लागि दुबै प्रत्यय र उपसर्गसँगको तालमेल भएको देखाउँछ। सरल क्रियाका रूपहरू सबै एउटै शब्दमा एकै साथ लेखिन्छन्।

**४ (क) याप्मि**

यहाँ एक किसिमको क्रियाको तालमेल पाइन्छ, जुन असामान्य रूपमा क्रियाको रूप बनाउन प्रयोग गरिएको शब्दलाई राखिएको छ। याप्मि (मानिस) को एक वचन रूपलाई क्रियासँगको तालमेलद्वारा वहुवचन रूप (हामी) बनाइएको छ, किनकि यी शब्दहरूको संभाव्य वृद्धि हुने कुराको सिफारिस गरिएको छ र यिनीहरू दुई अलग अलग शब्दहरूमा लेखिन्छन्, जस्तै उदाहरणहरू:

| | |
|---|---|
| याप्मि लेम्से | उनीहरूले हामीलाइ पिटे |

**५ निपात**

अाठपहरिया भाषामा विभिन्न किसिमका निपातहरू छन्। ती निपातहरू प्रत्येक शब्द अनुसार प्रयोग गरिन्छन्। केही निपातहरू शब्दहरूसँगै जोडिएर लेखिन्छन् भने केही निपात छुट्टै लेखिन्छन्।

५ **(क)** निपातहरू प्रत्यय जस्तै लेखिन्छन्

हामी यो सुझाव दिन्छौं निम्न प्रकारका निपातहरू प्रत्यय जस्तै गरी लेखिएका छन् किनकि यिनीहरूले शब्दलाई स्पष्ट प्रभाव पार्दछन् :

| अाठपहरिया निपातहरू | नेपाली | अाठपहरिया उदाहरण | नेपाली उदाहरण |
|---|---|---|---|
| उम्बाक् | चाहिं | हिट्नाउम्बाक् | त्यो चाहिं |
| गो | नि | चोगुटुना गो | गर्छ नि |
| बो | अरे | अाच्छो अाच्छो बो | उहिले अरे |
| चा | पनि | हिट्नाचा | त्यो पनि |
| टे | त | हिट्नाडोक् टे | त्यही त |